नेपाली राजदूतावास
बर्लिन

नेपाली राजदूतावास
*Embassy of Nepal*
*Berlin, Germany*

**पोल्याण्डको राजधानी वार्सामा राहदानी सम्बन्धी घुम्ती सेवा संचालन सम्बन्धी सूचना**

नेपाली राजदूतावास, बर्लिनले पोल्याण्डको राजधानी वार्सास्थित देहायको मिति, स्थान र ठेगानामा पोल्याणडमा रहनु भएका नेपाली राहदानी आवेदकहरुलाई लक्षित गरी कन्सुलर सेवा शिविर मार्फत राहदानी नवीकरण तथा नया जारी गर्ने प्रयोजनका लागि सेवा प्रवाह गर्ने कार्यक्रम तय गरेको छ। तसर्थ, उक्त मिति र समयको लागि Online आवेदन भरी Appointment लिएर राहदानी नवीकरणको सेवा प्राप्त गर्नुहन रादूतावास सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।

राहदानी सम्बन्धी घुम्ती कन्सुलर सेवा शिविर संचालन हुने स्थान, मिति र समय:

स्थान: Starzynkiego 26A, 05-090, Dawidy Bankowe
Warsaw

मिति: ६-८ अक्टोवर २०२३

समय: पूर्वान्ह ०९ बजेदेखि साँझ ०५ बजेसम्म र आवश्यकता अनुसार त्यसपछिसम्म पनि ।

विद्युतीय राहदानी E-Passport नवीकरणका लागि Online Application फाराम भर्ने तथा Appointment लिने तरिका:

सर्वप्रथम आफ्नो कम्प्युटर/ल्यापटप वा मोवाइलको Date and Time Setting मा गई Time Zone "Kathmandu, Nepal" छनौट गर्ने ।
https://emrtds.nepalpassport.gov.np/ मा गई Apply for Passport छनौट गरेपश्चात Renewal/Replacement (Lost/Stolen) राहदानी नवीकरणको लागि Ordinary 66 Page मा Click गरी अघि बढ्नु पर्ने ।
Appointment Country- Other छनौट (Select) गरी Appointment Location- NE, Berlin छनौट गर्ने ।
तत्पश्चात पोल्याण्डको वार्सा शिविरका लागि मात्र उलब्ध गराइएको देहायको Appointment Date छनौट गरी सम्पूर्ण विवरण भरीसकेपछि अन्त्यमा barcode सहितको pdf फाराम Download गर्ने । (Download गरिएको फारामको दायाँपट्टी छेउमा र Bottom (तल barcode रहेको देख्न सकिनेछ ।)
वार्सा राहदानी सम्बन्धी कन्सुलर घुम्ती सेवा शिविरका लागि देहायका मिति मध्ये कुनै एक दिन छनौट गरी Appointment लिन सकिनेछ :
सेप्टेम्बर १०, २०२३ (आइतवार)
सेप्टेम्बर १७, २०२३ (आइतवार)
सेप्टेम्बर २४, २०२३ (आइतवार)
उक्त barcode सहितको फारामको Scanned Copy , राहदानी र नागरिकताको फोटोकपी Attach गरी सेप्टेम्बर ३० भित्र Verification का लागि Consulate Office को e-mail: consulatenepalpoland@gmail.com मा पठाउनु पर्नेछ ।
फाराम Verify नगरी निवेदकले भरेको विवरण Retrieve गर्न नसकिने र सो नभएको अवस्थामा Biometrics (फोटो, औंठाछाप) लिन नसकिने भएकोले फारामलाई Verification को लागि अनिवार्य रुपमा सेप्टेम्बर ३० भित्र दूतावासमा पठाउनु पर्नेछ ।अन्यथा, घुम्ती शिविरबाट सेवा प्राप्त गर्न सकिने छैन ।
डाउनलोड गरिएको फारामको Print प्रति तथा अन्य आवश्यक कागजात सहित माथि उल्लिखित तोकिएको स्थान र समयमा आवेदक स्वयं उपस्थित हुनुपर्नेछ ।

विद्युतीय राहदानी (e-Passport) को लागि आवेदन फाराम भर्न आउँदा देहायका कागजातहरु साथमा लिइ आउनु पर्नेछ :
सक्कल नागरिकता र सो को प्रतिलिपि ।
नावालकको हकमा नावालक परिचयपत्र तथा बाबु र आमाको नागरिकताको प्रतिलिपि ।
सक्कल राहदानी र सो को प्रतिलिपि ।
Biometrics का लागि https://emrtds.nepalpassport.gov.np/ मा रितपूर्वक भरिएको अनलाइन फारामको barcode सहितको प्रिण्ट गरिएको प्रति ।

Guerickestrasse 27, 10587 Berlin, Germany, Tel: +49 (030) 34 35 99 -20, Fax: +49 (030) 34 35 99 -06
Email: berlin@nepalembassy.de, Web: https://de.nepalembassy.gov.np

नेपाली राजदूतावास
*Embassy of Nepal*
*Berlin, Germany*

देहाय बमोजिमको राहदानी दस्तुर :

| सेवा | बुझाउनु पर्ने दस्तुर | दस्तुर बुझाउने तरिका |
|---|---|---|
| ६६ पेजको विद्‌युतीय राहदानी | युरो १२० | Online ट्रान्सफर गर्नुहुन: |
| दश बर्ष मुनिका नावालकको विद्‌युतीय राहदानी | युरो ११० (युरो ६० राहदानी दस्तुर र युरो ५० जन्मदर्ता शुल्क) | Beneficiary name: Embassy of Nepal<br>Bank Account Number: BLZ: 100 400 00 Commerzbank Berlin<br>IBAN: DE 79 100 400 000 26 60 20 700<br>Swift Code: COBADEFFXXX |
| हराएको वा विग्रिएको (पाना च्यातिएको/ मसी पोखिएको/ केरमेट भएको ) | युरो २४० | |
| दश बर्ष मुनिका नावालकको हराएको वा विग्रिएको (पाना च्यातिएको/ मसी पोखिएको/ केरमेट भएको ) | युरो १२० | |
| नियोगको त्रुटीका कारण विवरण गलत भएकोमा सच्याउनु परेमा | युरो ६० | |

- राहदानी सेवा सम्बन्धी अन्य प्रक्रिया, आवश्यक कागजात दूतावासमा नियमित आवेदन पेश गर्दा अपनाउनु पर्ने प्रक्रिया सरह हुनेछ । थप जानकारी आवश्यक भएमा देहायका महानुभावहरुलाई सम्पर्क गर्न सक्नु हुनेछ:

१. डा. बोधराज सुवेदी ( Hon. Consul of Nepal, Warsaw, Poland)
टेलिफोन: +४८६०६८५२८३७
इ-मेल: consulatenepalpoland@gmail.com

२. श्री प्रेम भण्डारी
टेलिफोन: 030343599920
इ-मेल: berlin@nepalembassy.de

३. श्री नरेश सापकोटा
अध्यक्ष, गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, पोल्याण्ड
टेलिफोन: +४८५७२३७५४७०
इ-मेल: pokharaktm@yahoo.com